# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०३।०३ गते

## प्रेस विज्ञप्ति

**विषय: राकसीराङ्ग ईलाका वन कार्यालय चैनपुर, मुकाम, मनहरी मकवानपुरका सहायक वन अधिकृत राककृष्ण कुश्लेलाई नियन्त्रणमा लिईएको ।**

---

ईलाका वन कार्यालय चैनपुर, मुकाम, मनहरीका सहायक वन अधिकृत रामकृष्ण कुश्लेले भार्ता बिलाउने सामुदायिक वन उपभोक्ता समिति भार्ता-१ मकवानपुरले लिलाम गरेको काठ दाउरा जिल्ला बन कार्यालयले छोडपूर्जी लिई ढुवानी गर्ने क्रममा बिभिन्न बहाना बनाई सेवाग्राहीसंग रु.१,८०,०००/- (अक्षरुपी एक लाख असि हजार ) घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रिय कार्यालय हेटौडा मकवानपुरबाट खटिई गएको टोलीले घुस रकम बापत लिएको रु.१,८०,०००/- (अक्षरुपी एक लाख असि हजार ) सहित निज सहायक वन अधिकृत रामकृष्ण कुश्लेलाई राकसीराङ्ग ईलाका वन कार्यालय चैनपुर,मुकाम, मनहरी मकवानपुरबाट रंगेहात नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता